कृषि तथा वन विज्ञान विश्वविद्यालय

**Agriculture and Forestry University**

Rampur, Chitwan, Nepal

www.afu.edu.np


मिति : २०८२/०५/३०

## B. Sc. Ag. / B. V. Sc. & A. H. / B. Sc. Fisheries तथा B. Sc. Forestry कार्यक्रमहरुमा विद्यार्थी भर्ना सम्बन्धी प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम भर्ने संशोधित सूचना

शैक्षिक वर्ष २०८२/०८३ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तरगत संचालित संकायहरु, आंगिक कलेजहरु तथा सम्बन्धन प्राप्त निजी कलेजहरुमा स्नातक तहको शैक्षिक कार्यक्रमहरुमा अध्ययन गर्न तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक विद्यार्थीहरुले मिति २०८२/०५/३० गतेबाट **एकिकृत प्रवेश परीक्षाका** लागि अनलाईन आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) आवेदन, प्रवेशपत्र, प्रवेश परीक्षा संचालन, नतिजा र भर्ना सम्बन्धि कार्य तालिका**

| | | |
|---|---|---|
| आवेदन दिने मितिः | **२०८२ भाद्र ३० गते देखि २०८२ असोज २३ गते राती १२:०० बजेसम्म** | **दोब्बर दस्तुर** : २०८२ असोज २५ गते राती १२:०० बजेसम्म |
| प्रवेश पत्र उपलब्ध हुने मितिः | **२०८२ असोज २७ गते, बिहान** ९:०० बजेबाट Online Application Portal को Admit Card Menu बाट Download गरी Print गर्नु पर्नेछ । | |
| प्रवेश परीक्षा मिति र स्थानः | **२०८२ असोज २८ गते मंगलबार, बिहान** ११:०० बजे ।<br>स्थानः कृषि तथा वन विज्ञान विश्वविद्यालय, **रामपुर, चितवन,**<br>वन विज्ञान संकाय, **हेटौंडा, मकवानपुर** र<br>**काठमाण्डौं** (पछि प्रकाशित गरिनेछ) । | |
| नतिजा प्रकाशनः | **२०८२ असोज २८ गते मंगलबार वेब साईटमा सार्वजनिक हुने ।** | |
| विद्यार्थी भर्नाः | **२०८२ असोज** ३० गते देखि | |

**२) प्रवेश परीक्षाको आवेदनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

| क.सं. | शैक्षिक उपाधि | न्युनतम शैक्षिक योग्यता | | |
|---|---|---|---|---|
| | | कूल प्राप्ताङ्क (प्रतिशतमा) | प्राप्ताङ्क (CGPA) | अध्ययन गरेको बिषयहरु |
| १. | SEE/SLC वा सो सरह | उत्तिर्ण | | |
| २. | १०+२ विज्ञान, १०+२ (कृषि/भेटेरिनरी/पशु विज्ञान/वन विज्ञान, आई.एस्सी./डिप्लोमा (कृषि/भेटेरिनरी/पशु विज्ञान/वन विज्ञान/स्वास्थ्य विज्ञान), A Level वा सो सरह | ४० | C (२.००) | न्यूनतम १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्रि, बायोलोजी र ५० पूर्णाङ्कको फिजिक्स अध्ययन गरेको, Theory र Practical हुने बिषयहरुको हकमा एकमुष्ट कम्तिमा C Grade हुनु पर्नेछ । |
| **नोटः** B.V.Sc. & A.H. कार्यक्रमको हकमा शैक्षिक उपाधिको क.सं. २ मा C+ (२.४०) CGPA वा ५०% प्राप्ताङ्क हुनु पर्नेछ । | | | | |

३) **आवेदन तथा परीक्षा शुल्कः** रु.३,०००|- (तीन हजार मात्र), सो शूल्क अनलाइन आवेदन फारम भर्दा e-payment बाट नै भुक्तानी गर्नु पर्नेछ ।

४) **अनलाइन आवेदन फाराम भर्ने र प्रवेशपत्र प्राप्त गर्ने बिधि :**

अनलाइन Application Portal - https://admission.afu.edu.np मा माग गरिएका सम्पूर्ण बिवरण, प्रवेश परीक्षा शुल्क तथा आवश्यक कागजातहरु समावेश गरि आवेदन भर्नु पर्नेछ । रीत नपुगेका तथा अपूर्ण आवेदन उपर कुनै कारवाही गरिने छैन ।

- ❖ आवेदन फाराम भर्दा **निम्न लिखित कागजपत्रहरु (स्क्यान कपि)** क्रमवद्ध रुपमा राखी Upload गर्नु पर्नेछ ।
  (क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो र आवेदकको हस्ताक्षर
  (ख) नेपाली नागरिकताको प्रमाणपत्र
  (ग) SEE वा सो सरहको परीक्षाको ग्रेडसिट र प्रमाणपत्र
  (घ) प्रमाणपत्र तह/10+2 को ट्रान्सक्रिप्ट/ग्रेडसिट र प्रमाणपत्र
  (ङ) समानस्तर निर्धारणको प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाबाट प्राप्त उपाधिको हकमा मात्र)
  (च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र
- ❖ 'Online Application Portal' बाहेक अन्य माध्यमबाट प्राप्त आवेदन तथा कागजपत्रहरु उपर कुनै कारवाही गरिने छैन । अपुग कागजपत्र तथा अपूर्ण जानकारी वा दोहोरो आवेदन पेश गरिएको कारणले आवेदन बदर हुन गएमा प्रवेश परीक्षा शूल्क फिर्ता हुने छैन ।
- ❖ प्रवेश परीक्षा दिन आउदा **Color print** गरिएको प्रवेश पत्रको साथमा नागरिकता/राष्ट्रिय परिचय पत्र/सबारी चालक अनुमती पत्र वा राहदानी मध्ये कुनै एकको **सक्कल** अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।
- ❖ आवेदन फाराम भर्दा कुनै कठिनाई भएमा entrance@afu.edu.np मा सम्पर्क गर्न सकिनेछ ।

**५) प्रश्नपत्र र भर्नाको आधार :**

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ वा सो सरहको पाठ्यक्रमबाट तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगत (Multiple Choice Objective Type) १२० वटा प्रश्नहरु रहनेछन् । परीक्षा अवधि **एक घण्टा तीस मिनेट**को हुनेछ ।

| क.सं. | बिषय | प्रश्न संख्या | क.सं. | बिषय | प्रश्न संख्या | क.सं. | बिषय | प्रश्न संख्या |
|---|---|---|---|---|---|---|---|---|
| क) | अंग्रेजी | २२ | घ) | बोटानी | २२ | छ) | सामान्य ज्ञान र कृषि, पशु तथा वन विज्ञान सम्बन्धी | ८ |
| ख) | केमेष्ट्री | २२ | ङ) | जुलोजी | २२ | | | |
| ग) | फिजिक्स | १२ | च) | गणित | १२ | | | |

- ❖ केमेष्ट्री, फिजिक्स, बोटानी र जुलोजी सम्बन्धित संक्षिप्त पाठ्यक्रम अर्को सूचनामा प्रकाशित गरिनेछ ।
- ❖ प्रवेश परीक्षा उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ । प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार कायम गरी योग्यताक्रम सूची (Merit List) प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको प्राप्ताङ्क बराबर भएमा क्रमशः I. Sc./10+2, SEE/SLC को कूल प्राप्ताङ्क (ग्रेड/प्रतिशत) र सो पनि बराबर भएमा I. Sc./10+2 को क्रमशः जीव विज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र, अंग्रेजी तथा गणितमा प्राप्त अङ्कलाई आधार मानि योग्यताक्रम निर्धारण गरिनेछ ।
- ❖ योग्यताक्रम सूची (मेरिट) को आधारमा परामर्श (Counselling) विधि अपनाई भर्ना सम्पन्न गरिनेछ ।
- ❖ आवेदन तथा भर्ना सम्बन्धि थप जानकारी आवश्यक भएमा entrance@afu.edu.np मा email गर्न सकिनेछ ।

६) विद्यार्थी भर्ना सिट संख्या र भर्ना शुल्क सम्बन्धी विस्तृत विवरण https://admission.afu.edu.np/details मा हेर्न सकिनेछ ।

अध्यक्ष
एकिकृत प्रवेश परीक्षा व्यवस्थापन समिति